# आवेदन फारामको ढाँचा

*(व्यवसायिक विशेषज्ञको लागि)*

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

फोटो

विषयः- व्यवसायिक विशेषज्ञको सूचीमा समावेश हुने ।

महाशय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ को प्रयोजनको निमित्त त्यस बैंकले तयार गर्ने व्यवसायिक विशेषज्ञको सूचीमा मेरो नाम समावेश हुन योग्य भएकोले यो आवेदन पेशगरेको छु । यस आवेदनमा उल्लिखित निम्न सम्पूर्ण व्यहोराहरु ठीक तथा साँचो हुन् । झुट्टा ठहरे ऐन सवाल बमोजिम सहनेछु । साथै, त्यस बैंकको स्वीकृत व्यवसायिक विशेषज्ञको सूचीमा समावेश भएपछि तोकिने शर्तहरु पूर्णरुपमा पालना गरी व्यवसायिक नैतिकता तथा आचरण समेतलाई ध्यानमा राखी प्रचलित ऐन, कानून बमोजिम कार्य सम्पन्न गर्नेछु । कथंकदाचित त्यस बैंकको शर्त वा प्रचलित ऐन, कानून विपरित काम गरे गराएमा स्वीकृत सूचीबाट हटाएमा वा प्रचलित कानून बमोजिमको सँजाय गरेमा भोग्न तयार छु ।

१. नाम :

२. बाबुको नाम :

३. बाजेको नाम :

४. सम्पर्क ठेगाना :

स्थायी : हालको :

फोन नं. :.................. मोवाइल नं. ................ फ्याक्स नं.:.................... ई-मेल ठेगानाः ..........................

५. शैक्षिक योग्यता *(एस.एल.सी. भन्दा माथी)*

| योग्यता | अध्ययन गरेको संस्था | अध्ययन गरेको मुख्य विषय | उत्तीर्ण गरेको साल | श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. <u>अनुभव</u>

| काम गरेको संस्था | पद | अवधि |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

७. म व्यवसायिक विशेषज्ञको तर्फबाट देहाय बमोजिम घोषणा गर्दछु :

(क) म ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको छैन,

(ख) म बैंक वा वित्तीय संस्था संगको कुनै कारोबारमा कालोसूचीमा परेको छैन/वा परेको भए कालोसुचीबाट हटेको ३ वर्ष पूरा भई सकेको छ ।

(ग) म कुनै बैंक वा वित्तीय संस्था, बीमा, संचयकोष वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय संचालन गर्ने वित्तीय संस्थाको संचालक वा त्यस्ता संस्थामा कार्यरत कर्मचारी वा अन्य बैंक वा वित्तीय संस्थाको बहालवाला लेखापरीक्षक वा सल्लाहकार होईन,

(घ) मैले धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको छैन,

(ङ) म नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी होईन,

(च) मैले प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व चुक्ता गरेको छु,

(छ) मैले नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सँजाय पाएको छैन,

(ज) मैले भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको छैन,

(झ) मलाई नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरेको कारणबाट नेपाल राष्ट्र बैंकले कारबाही गरेको छैन ।

८. <u>संलग्न कागजातहरुः</u>

(१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(३) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(४) कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

भवदीय,

दस्तखतः

नाम र थरः

ठेगानाः

मितिः

*नोटः कुनै विवरण यसमा नअटाएको खण्डमा छुट्टै पाना प्रयोग गर्न सकिने छ ।*

## व्यवसायिक विशेषज्ञहरुको सूची तयार गर्ने सम्बन्धमा
## नेपाल राष्ट्र बैंकको
## <u>सूचना</u>

(**प्रथमपटक प्रकाशित मितिः** (२०६४।४।८, गोरखापत्र)

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ को प्रयोजनका लागि यस बैंकले थप व्यवसायिक विशेषज्ञहरुको सूचि कायम गर्न लागेकोले सोही ऐनको दफा १३ (१) बमोजिमको योग्यता तथा अनुभव पुगेका तथा दफा १८ बमोजिम अयोग्य नभएका व्यक्तिहरुले यस बैंकद्वारा तोकिएका आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा आइपुग्ने गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । त्यस्तो निवेदन यस बैंकवाट अर्को सूचना प्रकाशित गरी बन्द नभएसम्म जुनसुकै समयमा पनि पेश गर्न सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ । साथै, व्यवसायिक विशेषज्ञको सूचिमा समाविष्ट व्यक्तिहरु सम्बन्धी अद्यावधिक जानकारी यस बैंकको वेवसाइट (www.nrb.org.np) मा राखिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

**विस्तृत जानकारीको लागि**
**नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**

(१) **आवश्यक योग्यता तथा अनुभव**

(क) ईजाजतप्राप्त संस्थाको व्यवसायिक विशेषज्ञ हुन चाहने संचालकले व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, वाणिज्य कानून विषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको बरिष्ठ व्यवस्थापक वा मान्यता प्राप्त बिश्वविद्यालयको सह-प्राध्यापक वा सो भन्दा माथिको पदमा कम्तीमा पाँच वर्षको कार्यानुभव भएको हुनुपर्ने ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ बमोजिमको अयोग्यता नभएको हुनुपर्ने ।

(२) **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) व्यक्तिगत विवरण (यस विभागद्धारा तयार गरिएको ढाँचा अनुसार)
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ग) अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(घ) नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ङ) कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

साथै, व्यवसायिक विशेषज्ञहरुको सूचिमा समावेश गर्ने, नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**विस्तृत जानकारीको लागि**
**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**

## व्यवसायिक विशेषज्ञहरुको सूची तयार गर्ने सम्बन्धमा
### नेपाल राष्ट्र बैंकको
### सूचना

(**प्रथमपटक प्रकाशित मितिः** (२०६५।९।१, गोरखापत्र )

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ को प्रयोजनका लागि यस बैंकले थप व्यवसायिक विशेषज्ञहरुको सूचि कायम गर्न लागेकोले सोही ऐनको दफा १३ (१) बमोजिमको योग्यता तथा अनुभव पुगेका तथा दफा १८ बमोजिम अयोग्य नभएका व्यक्तिहरुले यस बैंकद्वारा तोकिएका आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा आइपुग्ने गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, त्यस्तो निवेदन यस बैंकवाट अर्को सूचना प्रकाशित गरी बन्द नभएसम्म जुनसुकै समयमा पनि पेश गर्न सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**विस्तृत जानकारीको लागि**
**नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**